नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

मिति :- २०७८/०१/०८

## जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गाबाट जारी गरिएको सूचना ।

(जरुरी सूचना)

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयको च.नं. ३०४४ मिति २०७८/०१/०६ को पत्रानुसार विश्वभर फैलिँदै गएको नयाँ भेरियन्टसहितको कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०१/०६ गतेको बैठकको निर्णयानुसार जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC), ओखलढुङ्गाको मिति २०७८/०१/०८ गतेको बैठकको निर्णय प्रभावकारी कार्यान्वयन गर्न/गराउन देहाय अनुसारको सूचना जारी गरिएको छ ।

क. मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायत धार्मिक स्थलमा नित्य पुजा र प्रार्थना मात्र गर्ने गराउने ।

ख. सार्वजनिक स्थलमा पच्चीस जनाभन्दा बढी मानिसहरू भेला हुने गरी कुनै कार्यक्रम नगर्ने ।

ग. धार्मिक, सांस्कृतिक तथा आफ्नो परम्पराअनुसारका सामाजिक क्रियाकलापहरू सञ्चालन गर्दा पच्चीस जनाभन्दा बढी व्यक्ति जम्मा नहुने ।

घ. सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु नराखे, सबै यात्रुहरूले अनिवार्य मास्कको प्रयोग गर्ने, सवारी साधनको ढोका र भित्र समेत सेनिटाइजरको व्यवस्था गर्ने ।माक्स नलगाई आउने व्यक्तिलाई सम्बन्धित सवारी साधन सञ्चालकले बढिमा रु १०(दश) लिई माक्स उपलव्ध गराउने ।

ङ. कार्यालय र पसलजस्ता सार्वजनिक स्थलमा अनिवार्य मास्क र सेनिटाइजरको प्रयोग गर्ने । माक्स नलगाई आउने व्यक्तिलाई सम्बन्धित व्यवस्थापकले बढिमा रु १०(दश) लिई माक्स उपलव्ध गराउने ।

च. जिल्लाका स्थानीयस्तरमा सञ्चालन हुने हाटबजारहरूमा जनस्वास्थ्य तथा जनसुरक्षाका मापदण्डहरूको अनिवार्य पालना गराउन सम्बन्धित स्थानीय तहहरूले समन्वय गर्ने ।

छ. होटल तथा रेष्टुरेन्टले बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म मात्र सेवा दिने ।

ज. माथि उल्लेख गरिएका सबै क्रियाकलापहरू सञ्चालन गर्दा नेपाल सरकारले तोकेका स्वास्थ्य मापदण्डहरु (जस्तै:मास्कको प्रयोग, एक आपसमा दुई मिटरको दुरी कायम गर्ने, सवारी साधन, कार्यालय, घर तथा पसललाई नियमित निसंक्रमित गर्ने) को अनिवार्य पालना गर्ने ।

झ. नेपाल सरकारको मिति २०७८/०१/०६ गतेको निर्णयानुसार आम नागरिकहरूले पालना गर्नुपर्ने मापदण्ड र सावधानीहरूबारे बिस्तृत जानकारीको लागि जिल्ला प्रशासन कार्यालय ओखलढुंगाको वेवसाईट www.daookhaldhunga.moha.gov.np गई हेर्नुहुन अनुरोध छ ।

ञ. माथि उल्लेखित सूचनाको उल्लंघन गरेको पाईएमा संक्रामक रोग ऐन, २०२० अनुसार कारवाही हुनेछ ।

२०७८।१।८
ममिता कार्की
स.प्र.जि.अ.